**कार्यक्रम : संक्रमणकालीन न्याय प्रक्रियामा लैगिङता सम्बन्धि मुद्दाहरुको सम्बोधन**

**मिति : २०६८/९/११ र १२ गते,**

**दिन : सोमबार र मंगलबार**

## २०६८/९/११ , सोमबार

मिति २०६८/९/११ र १२ गते, संक्रमणकालीन न्यायका लागि अन्तराष्ट्रिय केन्द्र (ICTJ) र राष्ट्रिय महिला आयोगद्वारा संयुक्त रुपमा "संक्रमणकालीन न्याय प्रक्रियामा लैगिङता सम्बन्धि मुद्दाहरुको सम्बोधन" विषयक दुई दिने कार्यशाला गोष्ठीको होटल पार्क भिलेज, बुढानिलकण्ठ मा आयोजना गरिएको थियो । कार्यक्रममा संक्रमणकालीन न्यायको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरु र द्वन्दका पीडितहरुको उल्लेखनीय उपस्थिति थियो ।

यस कार्यशाला गोष्ठीको पहिलो दिन कार्यक्रमको सुरुवात एउटा भिडियो प्रस्तुतीबाट भयो । भिडियोमा द्वन्द अवस्था र द्वन्द पश्चातको अवस्थालाई चित्रण गरिएको थियो । द्वन्द अवस्थामा महिलाले शारीरिक , मानसिक र यौनजन्य पीडा पाएको देखाइएको थियो भने द्वन्द पश्चात महिलाहरुको हरेक अधिकारहरुको सुनिश्चित भएको पनि देखाइएको थियो । भिडियो देखाइसकेपछि कार्यक्रमका सहभागिहरुले द्वन्द पश्चात महिलाको जुन अवस्थाको चित्रण गरिएको थियो त्यो निकै अस्वभाविक भएको र अहिलेसम्म महिलाहरुको हक अधिकारको सनिश्चितता नभइसकेको पनि टिप्पणी गरे ।






भिडियो प्रस्तुतीपछि कार्यक्रममा आसन ग्रहणको सुभारम्भ भयो जहाँ राष्ट्रिय महिला आयोगका सचिव डा. बद्रि पोखेललाई अध्यक्षताको आसन ग्रहण गराइयो साथै ए.ने.क.पा.(माओवादी)सभासद माननीय

देवी खडका , ने.क.पा.(एमाले) सभासद माननीय शान्ति माया पाखिन, शान्ति तथा पुनर्निर्माण मन्त्री माननीय सत्य पहाडी र ICTJ का कार्यवाहक प्रमुख रेश्मा थापालाई आसन ग्रहण गराइएको थियो ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै शान्ति तथा पनर्निर्माण मन्त्री माननीय सत्य पहाडीले यस कार्यशालाले द्वन्दका पीडितहरुको समस्याहरुलाई लैङ्गिक दृष्टिकाणबाट हरेकोले निकै सकरात्मक निष्कर्ष निकाल्न सक्ने बताउनुभयो । कार्यशाााला गोष्ठीले छलफलद्वारा महिलाहरुको हक अधिकारको सुनिश्चित गर्न , द्वन्दका पीडितहरुलाई राहत दिन र द्वन्दका घाउहरुमा मलम लगाउन पहल गर्न सक्ने कुरा व्यक्त गर्नुभयो । उहाँले शान्ति मन्त्रालयको विशेष पहलबाट सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता आयोग स्थापना हने तयारी भइरहेको र शान्ति मन्त्रालय कोषको ३० करोड द्वन्द प्रभावितलाई खर्च गर्ने पनि बताउनुभयो । तर उहाँले गुनासो गर्दै मन्त्रालयबाट द्वन्द पिडितहरुलाई सम्पूर्णरुपमा राहत दिन नसकिरहेको र विभिन्न चुनौतिहरु भ्भेल्नुपरेको पनि बताउनुभयो ।






राष्ट्रिय महिला आयोगका सचिव डा. बद्रि पोखेलले यस कार्यशालामा संक्रमणकालीन न्याय विषयमा छलफल गरी यसको निष्कर्ष सरकारसामु पेश गर्ने बताउनुभयो । उहाँले द्वन्दका क्रममा भएका मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लघंन एवं दुरुपयोग भएको र यसमा संलग्न सम्वद्ध पक्षका दोषी व्यक्तिको विरुद्ध  छानवीन तथा अनुसन्धान तहकिकात गरी कारवाही गर्नुपर्ने र पिडितलाई विशेष राहत दिनुपर्ने कुरामा जोड दिनुभयो । अन्तमा, उहाँले सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता आयोगको गठन हुनुपर्ने र प्रस्ताव नं १८२० र १३२५ को सही कार्यान्वयन हनुपर्ने बताउनुभयो ।

कार्यक्रममा डब्लुएचआरका संस्थापक लिली थापाद्वारा “संक्रमणकालीन न्याय र एकल महिलका सवालहरु” विषयमा कार्यपत्र प्रस्तुत भएको थियो । उहाँले आफ्नो कार्यपत्रमा द्वन्दका समयमा आफ्ना

श्रीमान गुमाएका महिला सबैभन्दा बढी द्वन्द प्रभावित भएको , द्वन्दको समयमा विधवा भएकामध्ये ७८ प्रतिशतले श्रीमानकै परिवार र समुदायका अन्य व्यक्तिबाट दुर्व्यवहार र शोषण सहनु परेको र २० प्रतिशतले घरविहिन र विस्थापित हुनुपरेको बताउनुभयो । अर्कोतर्फ उहाँले विधवा सम्बन्धमा द्वन्दले ल्याएको सकरात्मक परिणामस्वरुप सन् २००१ मा "रातो टिका" अभियान शरु भएको बताउनुभयो जहाँ यो अभियानलाई माओवादीको महिला पुरुष समान हुन भन्ने विचारले समेत सहयोग गरेको थियो । उहाँले यो अभियानले विधवा सशक्तीकरणको औजारको रुपमा पनि काम गरेको बताउनुभयो ।

उहाँले आफ्नो कार्यपत्रमा आफ्नो संस्थाको पहलमा एकल महिलाका विरुद्ध हुने विभेदकारी प्रावधान पनि परिवर्तन गरेको बताउनुभयो । उक्त प्रावधानहरु यस प्रकार छन् :

- एकल महिलाले पुर्नविवाह गर्न पाउने र यसो गर्दा आफ्नो पूर्व मृतक श्रीमानबाट पाएको सम्पति फिर्ता गर्नुनपर्ने ।
- एकल महिलाले आफ्नो मृतक श्रीमानबाट सम्पत्ति पाउन ३५ वर्ष कट्नु नपर्ने ।
- पासपोर्टका लागि एकल महिलालाई कनै पुरुषको सिफारिस नचाहिने ।
- एकल महिलाले आफ्नो सम्पत्ति बेच्न आफ्नो १८ वर्षको छोरो वा छोरीबाट स्विकृति लिन नपर्ने।
- नेपाल सरकारले पनि उमेरको बन्देज नराखी एकल महिलाको हकमा सामाजिक सुरक्षित भत्ता उपलब्ध गराउने ।

त्यसैगरी,कार्यक्रममा राष्ट्रिय महिला आयोगका उपसचिव श्री अवनी भट्टराईद्वारा "संक्रमणकालीन न्याय प्रक्रियामा राष्ट्रिय महिला आयोगको भूमिका" विषयमा कार्यपत्रमा प्रस्तुत भएको थियो । उहाँले कार्यपत्रमा द्वन्द वा द्वन्द पश्चातका पीडितहरुको समस्याहरुलाई लैङ्गिक दृष्टिकोणबाट निहाल्ने कुनै उल्लेख्य व्यवस्था तथा सोको कार्यान्वयन नभइरहेको टिप्पणी गर्नुभयो । उहाँले द्वन्दकालीन पीडितका हकमा राज्यले पीडितलाई प्रवर्द्धन, संरक्षण, सहभागी तथा परिपुरणको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

आफ्नो कार्यपत्रमा लैङ्गिकता विषयहरुमा राष्ट्रिय महिला आयोग एक जिम्मेवार तथा राज्यको तर्फबाट विशेष निकायको रुपमा रहेको हँदा संक्रमणकालीन न्यायका विविध पक्षहरु खास गरेर महिलाहरुको सम्बन्धमा यसलाई विशेष भूमिका प्रदान गरिनुपर्ने बताउनुभयो । ज्यादती, लैङ्गिक हिंसा, यौन दासता, अपहरण, बलात्कार, जबरजस्ती द्वन्दमा भाग लिन लगाउने, महिला अधिकार उपभोगबाट वञ्चित लगायतका विषयहरुमा न्याय र परिपुरण मा महिला आयोगको विशेष भूमिकाको पहिचान गरिनु आवश्यक रहेको बताउनुभयो । उहाँले कार्यपत्रमा विशेष जोड दिएर आयोगको आफ्नो अधिकार क्षेत्र समेत रहेकोले अनुगमनका क्षेत्रमा यसको अझ प्रभावकारी भूमिका रहने सकने र सत्य निरुपण आयोगले गर्ने सिफारिस तथा प्रतिवेदनहरुदेखि कार्यान्वयनको तहसम्म महिला आयोगको उपयुक्त स्थान र भूमिका प्रष्ट गर्न सके संक्रमणकालीन न्यायमा लैङ्गिक मुद्धाको सही अर्थमा सम्बोधन हुने बताउनुभयो ।

कार्यपत्रको प्रस्तुतीपछि यसको छलफलका क्रममा  कार्यक्रमका सहभागीहरुले संक्रमणकालीन न्यायको क्षेत्रमा  महिला आयोगको भूमिका केवल सहयोगी र अनुगमनको मात्र नभएर एक जिम्मेवार राज्य निकाय भएर महिलाहरुको मुद्धालाई उठाउनुपर्ने साथै सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगसँग नङ र मासुको जस्तै सम्वन्ध भएर काम गर्नुपर्ने लगायतका विषयहरु उठाए । यस्तै प्रश्नहरुको प्रतिउत्तरमा राष्ट्रिय महिला आयोगका सचिव डा. बद्रि पोखेलले  आफ्नो  आयोगको ऐन भित्रमात्र रहेर मात्र काम गर्नुपर्ने र आयोगको मुख्य काम अनगमन भएकोले त्यसको लागि विशेष जोड दिइरहेको,सामाजिक कुरीतिहरु उन्मूलन गरिरहेको, नेपाल बार एसोसिएसनसँग समन्वय गरी पीडित महिलालाई निशुल्क कानुनी परामर्श दिइरहेको र संक्रमणकालीन न्यायका पक्षमा आयोगको अनुगमनको भूमिका प्रभावकारी हन सक्ने बताउनुभयो ।

कार्यक्रममा बोल्दै माननीय सभासद देवी खड्काले संक्रमणकालीन न्याय विषयलाई मूल मुद्धा बनाएर आयोजन गरिएको यो कार्यशाला निकै सकरात्मक भएको र यसबाट उचित निष्कर्ष पनि आउनसक्ने बताउनुभयो । पीडितहरुले आफ्नो समस्या आफैद्वारा यस कार्यक्रममा प्रस्तुत गर्दा कार्यक्रम निकै सकरात्मक ढङ्गबाट बढिरहेको कुरा बताउनुभयो । उहाँले शस्त्र द्वन्दको सबैभन्दा बढी असर महिलामाथि परेकोले संक्रमणकालीन न्याय प्रकिया निर्माण तथा शान्ति प्रक्रियाको दौरानमा महिला यसमा पनि खासगरी पीडित महिलाहरुको आवश्यकता अधिकार तथा मागहरु तर्फ राज्यको ध्यान जानुपर्ने बताउनुभयो । उहाँले द्वन्दकालमा भएका बलात्कारका घटनाहरुलाई युद्धको बेलाको ठूलो अपराधको रुपमा मान्न सकिने र कुनै पनि हालतमा यस्ता यौनजन्य हिंसाको क्षमादान हुन नसक्ने बताउनुभयो । उहाँले सत्य निरुपण र मेलमिलाप आयोगले यस्ता यौनजन्य हिंसाको सम्बोधन गर्नुपर्ने र पीडितलाई उचित सुरक्षा , परामर्श , पुर्नस्थापना र वातावरण सिर्जना गर्नुपर्ने बताउनुभयो । उहाँले युद्धको बेलामा के- के घटना घटेका थिए,त्यतिबेला भएका गैर न्यायिक घटनामा दोषी को-को थिए भनेर त्यसको खोजी हुनु आवश्यक भएको र त्यस्तो खोजीले तत्कालीन परिस्थितिमा भएका घटनाहरुको  सत्य तथ्य मात्रै बाहिर नआएर पीडितलाई न्याय र पीडकलाई सजाय दिलाउन र राष्ट्रिय मेलमिलापको वातावरण निर्माण गर्न पनि मद्धत गर्ने बताउनुभयो ।

कार्यक्रममा बोल्दै माननीय सभासद शान्ति माया पाखिनले आजको कार्यक्रमलाई संक्रमणकालीन न्यायको प्रारम्भिक चरणको उपलब्धिको रुपमा मान्न सकिने बताउनुभयो । उहाँले युद्धका बेला दोषी पाइएकामाथि कार्वाही हुनुपर्ने र व्यक्ति हत्याको मामिलामा कुनै पनि हालतमा क्षमादान हननसक्ने बताउनुभयो । पीडितको पीडालाइ राज्यको पिडा मानी त्यसको निराकरण गर्न राज्यले पीडितलाई न्याय सहितको राहत दिनुपर्ने र सहमति, सहकार्यको नाममा अपराधीलाई कुनै पनि हालतमा नछोड्ने बताउनुभयो । उहाँले  द्वन्दकालमा घटेका घटनाहरु जस्तैः बलात्कार, अपहरण  तथा शरीर बन्धक बनाइएको, निशस्त्र भएको  व्यक्तिको हत्या, यौनजन्य  हिंसा र बेपत्ताका घटनाहरुमा कुनै किसिमको क्षमदान हुननसक्ने र संक्रमणकालीन न्यायका लागि सबै महिला सभासदहरुको एक्यवद्धता रहेको बताउनुभयो ।

कार्यक्रममा विभिन्न सहभागीहरुले आजको कार्यक्रमको निष्कर्षमा संक्रमणकालीन न्यायको निम्ति राज्यले बिगतमा भएका मानव अधिकार उल्लघंनका घटना, गल्ती र ज्यादतीहरुलाई सम्बोधन गर्नुपर्ने, राज्यले शान्ति प्रक्रियालाई मजबुद पार्नका लागि सत्यको खोजी गर्नुपर्ने र त्यसपश्चात अभियोजन र परिपूरण को प्रक्रियालाई अघि बढाउनुपर्ने र यस्ता न्यायिक प्रक्रियाको सम्बोधन गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगको छिटो भन्दा छिटो गठन हुनुपर्ने बताए ।

**२०६८/९/१२, मंगलबार**

मिति पौष १२, २०६८ साल कार्यशालाको दोस्रो दिन पुन संक्रमणकालीन न्याय प्रक्रियामा लैगिङता सम्बन्धि विषयवस्तुमा केन्द्रित भएर छलफल भएको थियो ।

कार्यक्रममा रीना अर्पण दलित मञ्चबाट गीता रसाइलीद्वारा “संक्रमणकालीन न्याय प्रक्रियामा महिला पीडितको भूमिका” विषयमा कार्यपत्र प्रस्तुत भएको थियो । उहाँले कार्यपत्रको सुरुवात आफ्नै परिवारमा घटेको अत्यारलाग्दो घटनाबाट सुरु गर्नुभयो । २०५८ सालमा आफ्नो दाजुको हत्या र २०६० मा आफ्नो दिदीको बलात्कार र हत्याको स्मरण गर्दै द्वन्दकालमा आफूमा घट्याजस्तो घटना धेरै नेपाली परिवारहरुमा घटेको बताउनुभयो । उहाँले आफ्नो कार्यपत्रमा द्वन्दकालमा धेरै महिला बलात्कृत भएका, हत्या गरिएका , बेपत्ता बनाइएका  र गैर कानुनी रुपमा जेल हिरासतमा राखिएका कुरा बताउनुभयो । साथै, उहाँले परिवारको पुरुषमाथि भएको हिंसाको असर पनि महिलाहरुमाथि पर्ने र परिवारको सम्पूर्ण जिम्मेवारी आफैमाथि आइपर्नेजस्ता महिलाका समस्याहरु पनि बताउनुभयो । उहाँले द्वन्द पीडितकालागि सरकारको राहत  कार्यक्रम निकै झन्झटिलो र विभेदपूर्ण जस्तै : द्वन्द पीडितका परिवारलाई सरकारले मात्र २५ हजार दिने र परिवारका १८ वर्ष मुनिका जम्मा तीनजना छोराछोरीलाई छात्रवृत्ति दिने जस्ता नीतिप्रति गुनासो गर्नुभयो । उहाँले द्वन्द पीडित महिलाले बैकंमा राखेका राहतको रकम पनि आफ्नै घरपरिवारले नक्कली हस्ताक्षर गरी पैसा लिएका कारण महिलाहरु विचल्लीमा परेका पनि बताउनुभयो । उहाँले गनासो गर्दै देशका विभिन्न संघ संस्थाहरुले द्वन्द पीडित महिलाहरुलाई ध्यानमा राखेर कार्यक्रमहरु नगरेको, मिडियाहरुले पनि द्वन्द पीडितका घटनाहरुलाई खासै बाहिर ल्याई वकालत नगरेको बताउनुभयो । अन्तमा,गठन हुन लागेका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगले पीडित केन्द्रित भएर काम गर्नुपर्ने र यौनजन्य हिंसा र बलात्कारलाई क्षमादान दिने नीति लिएर आएमा हामीबाट स्विकार्य नहुने कुरा पनि प्रष्ट पार्नुभयो ।

त्यसैगरी, द्वन्द पीडितका तर्फबाट सावित्री खड्काद्वारा “संक्रमणकालीन न्याय प्रक्रियामा महिला पीडितको भूमिका” विषयमा कार्यपत्र प्रस्तुत भएको थियो । उहाँले आफ्नो कार्यपत्र प्रस्तुत गर्दै जुनसुकै युद्धामा  पनि महिला र बालबालिका पीडित हुने बताउनुभयो । उहाँले पनि मिति २०६२/१०/०१ मा आफ्नै आँखा अगाडि तत्कालीन विद्रोही पक्ष (माओवादी)द्वारा आफ्नै बुवालाई अपहरण गरी हत्या गरेको घटना बताउनुभयो । उहाँले आफ्नो जस्तो धटना देशको अधिकांश परिवारमा घटेको र कयौंको परिवारका व्यक्ति अपहरण,बलात्कार र हत्याका सिकार भएका र परिवारको पुरुषमाथि भएको हिंसाको

असर पनि महिलाहरुमाथि नै परेको बताउनुभयो । उहाँले आफूजस्ता द्वन्दपीडितको मर्म बुझ्न, अवस्था बुझ्न र न्याय दिने पक्षमा सरकार निकै मौन भएकोमा पनि गुनासो पोख्नुभयो ।

कार्यक्रममा संञ्चारिका समूहका अध्यक्ष बबिता बस्नेतद्वारा “महिला संक्रमणकालीन न्याय प्रक्रियाका सवालहरु र संचार माध्यम” विषयमा कार्यपत्र प्रस्तुत भएको थियो । उहाँले कार्यपत्रमा द्वन्दकालको प्रत्यक्ष असर महिलाहरुमाथि पर्ने कुरा बताउनुभयो । उहाँले संक्रमणकालीन न्यायको लागि चार क्षेत्र जस्तैः अभियोजन, सत्यको खोजी, परिपुरण र संस्थागत सुधार हनुपर्ने तर शान्ति प्रक्रियापछि यो देशमा सत्ता प्राप्ति,पद र प्रतिनिधित्वले जति महत्व पायो त्यति अरु कुनै पनि विषयले नपाएको गनासो गर्नुभयो । मुलुकमा द्वन्दका समयमा घटेका घटनाहरुको सत्य तथ्य नै नखोजिएको अवस्थाले अभियोजन र परिपुरण जस्ता कुराहरु स्वतः छायाँमा परेको बताउनुभयो । उहाँले संक्रमणकालीन न्याय र मिडियाबीच ठुलो महत्व भएको कुरा बताउनुभयो । उहाँले संक्रमणकालीन न्यायमा राज्यका संयन्त्रहरुले काम नगरिरहको वा कम गरिरहेको हुँदा जनतालाई वास्तविकताको बारेमा जानकारी दिन मिडियाको भूमिका विशेष रहने बताउनुभयो । साथै, उहाँले संक्रमणकालीन न्यायको मुद्धा उठाउन, अनुसन्धान गर्न संञ्चार माध्यमलाई निकै चुनौतिपूर्ण हुने र कतिपय क्षेत्रमा सचेत र संवेदनशील हुन पनि त्यतिकै महत्वपूर्ण भएको प्रष्ट पार्नुभयो ।

कार्यक्रममा संक्रमणकालीन न्यायका लागि अन्तराष्ट्रिय केन्द्र (ICTJ) का अध्यक्ष रेश्मा थापाले लैंगिकताका र संक्रमणकालीन न्याय विषयमा द्वन्द वा द्वन्द पश्चातका द्वन्द पीडितहरुको समस्याहरुलाई लैङ्गिक दृष्टिकोणबाट निहाल्न निकै जरुरी भएको बताउनुभयो । उहाँले महिलामाथि भएका हत्या, बेपत्ता, यातना , यौनजन्य दुव्यवहार हुन नदिनकालागि राज्यले विश्वास दिलाउने पर्ने बताउनुभयो । संक्रमणकालीन न्यायका निम्ति गठन गरिन लागेको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगले पनि मानव अधिकार उल्लघंनका घटना ,गल्ती र ज्यादतीलाई सम्बेधन गर्दै पूर्णरुपमा पीडित केन्द्रित हुनुपर्ने बताउनुभयो । संक्रमणकालीन न्यायतिर जाँदा प्रयोग गरिने न्यायीक क्रियाकलापको विशिष्ट क्षेत्र जस्तै :अभियोजन ,सत्यको खोजी , परिपुरण र संस्थागत सुधारलाई विशेष प्राथमिकता दिनुपर्ने बताउनुभयो । उहाँले परिपुरण विस्तृत स्वरुपको र गैर विभेदकारी हुनुपर्ने र यस अन्तर्गत पुनःहस्तान्तरण ,क्षतिपुर्ति, पर्नस्थापना तथा पुनः नदोहोरिने प्रत्याभूति समावेश हनुपर्नेमा पनि जोड दिनुभयो ।

त्यसैगरी, शान्ति तथा पुर्ननिर्माण मन्त्रालयका सहसचिव साधुराम सापकोटाद्वारा “संक्रमणकालीन न्याय र राष्ट्रिय कार्ययोजना १३२५ र १८२०” विषयमा कार्यपत्र प्रस्तुत भएको थियो । उहाँले संयुक्त राष्ट्र संघ सुरक्षा परिषदबाट पारित प्रस्ताव नं १३२५ र १८२० ले संयुक्त रुपमा द्वन्दमा पीडित महिलाको हक अधिकारको सुनिश्चित गर्दै द्वन्द समाधान र शान्ति प्रक्रियामा महिलाको सहभागिता अभिवृद्धि गर्ने, द्वन्द पश्चात हुने निसस्त्रिकरण ,पुर्नस्थापना तथा पुनर्एकिकरण प्रक्रियामा लैङ्गिक अवधारणा समावेश गर्ने,द्वन्दकाल र सो पश्चात महिला तथा बालिकाहरुमाथि हुने यौन हिंसा नियन्त्रण गर्ने र यौन हिंसा सम्बन्धि अपराधलाई आममाफि भित्र नपार्ने तथा दण्डहीनता अन्त्य आदिको सनिश्चित गर्ने

बताउनुभयो । साथै, यही प्रस्तावको आधारमा राष्ट्रिय कार्ययोजना तयार भएको र यसले द्वन्द रुपान्तरण तथा शान्ति निर्माण प्रक्रियाको सम्पूर्ण पक्षमा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिता तथा सुरक्षाको पुर्ण प्रत्याभूति गर्ने बताउनुभयो ।

कार्यक्रममा उपस्थित सहभागीहरुले संक्रमणकालीन न्यायसम्बन्धि के -के संयन्त्र हुनुपर्छ, कस्ता रणनीति र प्रयासहरु हुनुपर्छ ,राष्ट्रिय निकायमा के -कस्ता भूमिका हुनुपर्छ भन्ने लगायातका विषयमा गहन छलफल र विचारमन्थन गरी  साझा अवधारणा, साझा मान्यता र साझा लक्ष्य मापन गर्दै निम्न सुझाव तथा सिफारिस गरेका थिए :

**संक्रमणकालीन न्याय सम्वन्धी न्याय संयन्त्रका सम्वन्धमा**

- सत्यको अन्वेषण गरी पीडितहरुलाई न्याय प्रदान गर्ने सत्य निरुपण तथा मेलमिलाप आयोगको परिकल्पना गरिएकोमा हालैका दिनमा सत्य निरुपण तथा मेलमिलाप आयोगको विधेयकलाई शसस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लंघनहरुमा क्षमादान दिने संयन्त्र तयार गर्ने साधनका रुपमा ल्याउन लागिएको तयारीतर्फ आपत्ति प्रकट गर्दै क्षमादानतर्फ केन्द्रित विधेयक मान्य नहुने ।
- क्षमादान दिने अधिकार मात्र पीडितलाई हुने र त्यो अधिकारमा सम्झौता हुन नसक्ने ।
- सत्य निरुपण तथा मेलमिलाप आयोगलाई जवर्जस्ती मेलमिलाप गराउने अधिकार हुन नहुने ।
- सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता सम्वन्धी आयोगमा हिजोका हत्या हिंसा जस्ता घटनाहरुका दोषीहरुलाई आयुक्त वा सदस्य बनाउन नहुने । आयुक्त छनौट प्रक्रियामा सार्वजनिक सुनुवाई समावेश गरिनु पर्ने, सदस्य हुने व्यक्तिको पुनरिक्षण (vetting) हुनु पर्ने ।
- सत्य निरुपण तथा मेलमिलाप आयोगमा बयान दिने कि नदिने भनी पीडितहरुले नै निर्णय गर्नु पाउनु पर्ने । साथै आयोगले सत्य निरुपण गर्ने, न्याय दिने कुरामा शंका उत्पन्न भएमा पीडित तथा पीडितका परिवारहरुले उक्त प्रक्रियामा संलग्न नहुने हुनाले आयोगले आफ्नो स्थापना देखि नै स्वतन्त्रता र निष्पक्षता कायम राख्दै कार्य गर्नु पर्ने ।
- मानव अधिकारको गम्भीर उल्लंघनको रुपमा स्विकार गरिएको यौनजन्य हिंसाको घटनाका दोषीहरुलाई क्षमामान्य नहुने ।
- परिपुरणको बारेमा सत्य निरुपण तथा मेलमिलाप आयोगले व्यक्तिगत सुनुवाई वा सार्वजनिक सुनुवाईका क्रममा महिलाहरु कस्तो परिपुरण चाहन्छन् भन्ने परामर्श हुनुपर्छ । परिपुरण महिलाले चाहे बमोजिमको हुनु पर्ने ।
- संक्रमणकालीन न्याय संयन्त्रहरुमा महिलाहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनु पर्ने ।

- महिलाहरुको विशिष्ट आवश्यकताहरुलाई ध्यानमा राख्दै महिलामैत्री साक्षी संरक्षणसम्बन्धि व्यवस्था गरिनु पर्ने ।
- सत्य निरुपण तथा मेलमिलाप आयोगले भोली दिने प्रतिवेदनमा महिला केन्द्रित भाग वा छुट्टै प्रतिवेदन हुनुपर्ने ।
- संक्रमणकालीन न्याय प्रक्रियाका क्रममा गाउँ घरका चौतारा, चौर आदिमा स्थानिय स्तरमा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था गर्नु पर्ने ।
- यौनजन्य हिंसाबाट पीडित महिलाहरुका लागि मनोसामाजिक परामर्शको व्यवस्था हुनुपर्ने साथै आयोगहरुले सत्य निरुपणका क्रममा समेत बयान लिंदा, सुनुवाई गर्दा मनोसामाजिक सेवा उपलब्ध गराउनुपर्ने ।
- अपांगताको विविधतालाई ध्यान दिंदै राहत तथा परिपूरणमा मानसिक लगायत सबै किसिमका अपांगतालाई सम्बोधन गरिनुपर्ने ।
- राहत तथा परिपुरण कार्यक्रमहरु तयार गरिदा पिडितहरुको परार्मशमा मात्र कार्यक्रमहरुको तयारी तथा सञ्चालन गरिनुपर्ने ।

**साझा लक्ष्यः**

नेपालको संक्रमणकालीन प्रक्रियामा पीडित महिला लगायत द्वन्द्व पीडित व्यक्ति र परिवारका सदस्यहरुको सत्य, न्याय र परिपुरणको अधिकारको सम्मान गर्ने र गराउने वातावरण निर्माण गर्दै शान्ति स्थापनामा प्रभावकारी भूमिका निर्वाह गर्ने ।

**साझा रणनीति र प्रयासहरुः**

- **यौनजन्य हिंसामा तत्काल राहतः** सामाजिक भेदभाव र हेयभावका कारण समाजमा बलात्कार तथा यौनजन्य हिंसाका पीडितहरुको अवस्था नाजुक रहेको र राज्यले हालसम्म दिएका आर्थिक सहयोगमा केन्द्रित राहतका कार्यक्रमहरुमा समेत यौनजन्य हिंसाको विषय नसमेटिएको एकातिर छ भने अर्को तिर आर्थिकरुपले राहत दिदैमा यौनजन्य हिंसामा परेका महिला तथा परिवारहरुले सामाजिक संरचनाका कारण खुलेर राहत लिन आउने अवस्था नभएकोले यसप्रति गम्भीर हुँदै यौनजन्य हिंसाका परेका व्यक्तिहरुका लागि मनोसामाजिक परार्मश, स्वास्थ्य सेवा र कानूनी सहायतासहित विशेष राहतको व्यवस्था तत्काल गर्नु पर्ने ।

- **अनुसन्धानः** यौनजन्य हिंसा तथा लैंगिक हिंसाको प्रभाव सम्वन्धी अनुसन्धानहरु आवश्यक रहेको कुरालाई मनन गर्दै त्यससम्वन्धी थप अनुसन्धान गर्नु पर्ने र सो विषयमा भए गरेका र हुने अनुसन्धानका प्रतिवेदन तथा निष्कर्षहरुलाई सम्वन्धित सरोकारवालाहरुकाबीच आदानप्रदान गरिनु पर्ने, र

यौनजन्य हिंसा तथा लैंगिक हिंसासम्वन्धी आधिकारीक राष्ट्रिय तथ्यांक तयार गर्नु पर्ने ।

- **वकालत र संवाद**ः शान्ति तथा पुर्नस्थापना मन्त्रालय, राष्ट्रिय महिला आयोग लगायतका सम्वन्धित सरकारी निकायलाई समेटी प्रमुख सरोकारवालाहरुले एक आपसमा संवाद र सहकार्य गर्दै संक्रमणकालीन न्याय प्रक्रिया, महिलाका सवालहरु र यौनजन्य हिंसाका विषयमा सामाजिकस्तरमा बहस पैरवी, वकालत गर्नु पर्ने ।

  सत्य, न्याय, परिपुरण र शान्तिको लागि विभिन्न कार्य र कार्यक्रमहरु गर्नु पर्ने ।
  सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्तासम्वन्धी आयोगको प्रक्रिया प्रभावकारी बनाउन राष्ट्रिय संजाल बनाउनु पर्ने ।

- **कानूनी कदमः** नेपालमा संक्रमणकालीन न्याय सम्वन्धी अधिकार सुनिश्चित गर्नका लागि सहयोग गर्ने तथा यौनजन्य हिंसा लगायतका विभिन्न विषयहरुमा आवश्यक देखिए अनुरुप व्यक्तिगत लगायत सार्वजनिक सरोकारका मुद्दाहरुलाई रणनीतिक रुपमा अंगिकार गर्ने ।

**राष्ट्रिय महिला आयोगलाई दिइएको सुझावहरुः**

- महिलाका सवाल र महिला अधिकारका लागि नेतृत्वदायी तथा समन्वयनकारी भुमिका निर्वाह गर्दै सरोकारवालासँग सहकार्य गर्नुपर्ने ।
- सशक्तरुपमा कार्य गर्न तत्काल सम्पूर्ण सदस्यहरुको नियूक्ति हुनुपर्ने ।
- राजनैतिक नियुक्ती हुन नहुने । महिला अधिकारको विषयमा कार्यरत महिलाहरुको नियुक्ति हुनु पर्ने ।
- सत्य निरुपण तथा मेलमिलाप आयोगसँग जोडिएको महिलाका सवालहरुमा महिला आयोगले प्रभावकारी भुमिका निर्वाह गर्नु पर्ने ।
- संक्रमणकालीन न्याय प्रक्रियामा लैंगिक विषयहरुको प्रभावकारी सम्बोधनका लागि आवश्यक कार्य गर्नुपर्ने ।

**शान्ति मन्त्रालयलाई दिइएको सुझावहरुः**

- राहत कार्यक्रम ल्याउँदा निवेदन दिनु पर्ने तथा अन्य औपचारिकताहरुको कारणले महिलाहरुले द:ख पाइरहेको कुरालाई मनन गर्दै प्रक्रियालाई सहज बनाउनुपर्ने ।
- परिवारका अन्य व्यक्तिमा भर पर्ने गरी संयूक्त रुपमा राखिने व्यवस्था नगरी राहतको रकममा महिलाको स्वामित्व सुनिश्चित गर्ने व्यवस्था हुनुपर्ने ।
- दामासाहीमा राहत बाड्ने कामबाट पिडितहरु मर्कामा परिरहेको हुँदा मन्त्रालयको ध्यान दिनु पर्ने ।

अन्त्यमा, राष्ट्रिय महिला आयोगका सदस्य मोहना अनसारीज्यले संक्रमणकालीन न्याय विषयमा आधारित कार्यशालाले निकै प्रभावकारी निष्कर्ष ल्याएको बताउनुभयो । उहाँले लैङ्गिकताका विषयहरुमा राष्ट्रिय महिला आयोग एक जिम्मेवार तथा राज्यको तर्फबाट विशेष निकायको रुपमा रहेको र आयोगको मुख्य अधिकार क्षेत्र समेत रहेकोले अनुगमनको पाटोमा आफ्नो भूमिका प्रभावकारी रहन सक्ने पनि बताउनुभयो । आफ्नो मन्तव्यपछि उहाँले कार्यक्रम समापनको घोषणा गर्नुभयो ।

**रुबी रिजाल**
**राष्ट्रिय महिला आयोग**